नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी भक्तपुर

प.स.: शैसूव्य. २०८२/८३

च.न. : ६४

मितिः२०८३।०३।०१

विषय : IEMIS अद्यावधिक तथा सत्यापन गर्ने समय थप गरिएको सम्बन्धमा।

श्री स्थानीय तह (सबै)

श्री विद्यालय (सबै)

उपर्युक्त सम्बन्धमा यस केन्द्रले सबै प्रकार र तह ( सामुदायिक, संस्थागत र परम्परागत प्रकृति) का विद्यालयहरूबाट हरेक शैक्षिक सत्रमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) मार्फत विद्यालय शिक्षासँग सम्बन्धित विवरणहरूको सङ्कलन, एकीकरण, भण्डारण, विश्लेषण, प्रतिवेदन तयारी, प्रबोधीकरण र प्रकाशन गर्दै सोका आधारमा वार्षिक कार्यक्रमको तयारी, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू गर्दै आइरहेको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०८३ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न यस केन्द्रको च.नं. ४७, मिति २०८३।०१।१४ को पत्रको व्यहोरा अवगत नै छ । एसइइको ग्रेडवृद्धि परीक्षाको नतिजा प्रकाशन भई नसकेको तथा स्थानीय तहहरूबाट IEMIS सत्यापनका लागि समय थप गर्नका लागि अनुरोध भई आएकाले २०८३ साल असार मसान्तभित्र अद्यावधिक तथा सत्यापन गर्नु हुन यस केन्द्रको मिति २०८३।०३।०१ गतेको निर्णयानुसार अनुरोध छ।

बोधार्थः

श्री शिक्षा हेर्ने विषयगत मन्त्रालय, ७ ओटै प्रदेशः- आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्नु हुन।

शुशिल पौडेल

तथ्याङ्क अधिकृत

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी भक्तपुर

प.स.: शैसूव्य. २०८२/८३

च.न. : 86

मिति : २०८३।०१।१४

विषय : IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

श्री विद्यालय (सबै)

उपर्युक्त सम्बन्धमा सबै प्रकार र तह ( सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक ) का विद्यालयहरूबाट प्रत्येक शैक्षिक सत्रको सुरु र अन्त्यमा क्रमशः Flash I र Flash II School Census अन्तर्गत एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्याङ्क/सूचनाहरू सङ्कलन, एककीरण, विश्लेषण, प्रतिवेदन तयारी गरी प्रबोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू हुँदै आइरहेको वेहोरा विदितै छ ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०८३ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क मिति २०८३ जेठ मसान्तभित्र सबै प्रकारका विद्यालयहरूले क्रमशः देहायअनुसार अद्यावधिक गर्नुहुन र सबै स्थानीय तहले सो कार्यका लागि सहजीकरण गरिदिनु हुन यस केन्द्रको मिति २०८३।०१।१४ को निर्णयानुसार अनुरोध छ। यस विषयमा कुनै द्विविधा भएमा युट्युब (IEMIS CEHRD Nepal), Facebook (Iemis Cehrd Nepal) र Viber (IEMIS CEHRD Viber Community) मा रहेका सूचना तथा जानकारी अध्ययन गर्नुहुन समेत अनुरोध छ।

**विद्यालयहरूले गर्नुपर्ने कार्यः**

(क) विद्यालयले यस प्रणालीमा भर्ने विवरणहरू प्रधानध्यापकको रोहबरमा यथार्थ रूपमा अद्यावधिक गर्ने, (सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले) सबै विवरणहरू त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने अद्यावधिक गर्ने। वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने,

(ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको वेवपेज (https://emis.cehrd.gov.np) खोलेर युजर (विद्यालयको IEMIS कोड) र आफ्नो पासवर्ड प्रयोग गरी लगइन गर्ने,

(ग) Dashboard को सुरुमा रहेको School Profile (Basic Profile, ECED Information र Management & others, Geographical Map) मा रहेका विवरणहरू अद्यावधिक गर्ने, विद्यालयले School Profile को Basic Profile मा भरेको शिक्षक दरबन्दीको विवरणको सत्यापन गर्ने,

(घ) Student Information मेनुको Scholarship मा गएर छात्रवृत्तिको विवरण भर्ने र विद्यार्थीको मासिक हाजिरी प्रविष्ट गर्ने,

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी भक्तपुर

प.स.: शैसूव्य. २०८२/८३

च.न. : ४६

(ङ) Manage Exam मा गएर विद्यार्थीहरूको शैक्षिक सत्र २०८२ को अन्तिम परीक्षाको उपलब्धि विवरण प्रविष्टि गर्ने,

(च) Student Information मा गएर Update मेनुमा विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा Passed, Passed & Transfer, Repeated, Repeated & Transfer, Dropout गर्ने,

(छ) आफ्नो विद्यालयबाट अन्यत्र विद्यालयमा स्थानान्तरण भई जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गई भर्ना भएको छ सो विद्यालय छानी Transfer गर्ने,

(ज) Transfer भई आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिस्ट हेरी Accept गर्ने,

(झ) पूर्व प्राथमिक तह (ECED/PPC) मा भर्ना हुन आएका सबै बालबालिकालाई Students Record को Add Student मा विवरण प्रविष्ट गर्ने। कक्षा १ मा भर्ना हुन आउने मध्ये पूर्व प्राथमिक तहको अनुभवसहित आएका विद्यार्थीलाई अनिवार्य रुपमा Student Transfer मार्फत ल्याउने, सोझै कक्षा १ मा भर्ना हुन आएका बालबालिकालाई मात्र Add Student मा विवरण प्रविष्ट गर्ने,

(ञ) कक्षा २ वा सोभन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थानान्तरण प्रमाणपत्र र IEMIS बाटै स्थानान्तरण गर्न लगाई Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण हेरी Accept गर्ने । अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Transfer गर्न अनुरोध गरी विद्यार्थी Accept गर्ने,

(ट) विगतदेखि सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका वा शैक्षिक सत्र २०८३ देखि सञ्चालनमा आएका नयाँ विद्यालय भए मिति २०८३ जेष्ठ मसान्तभित्र स्थानीय तहमार्फत कोड प्राप्त गरी विवरण अद्यावधिक गर्ने,

(ठ) विद्यालयमा भएका सबै शिक्षकहरुको विवरण तयार गरी शिक्षकहरुको आधारभूत विवरण (Basic Information Tab) मा रहेका सबै Field भर्ने (केही विद्यालयहरूले * लगाएका Field मा मात्र ध्यान दिंदा अरू विवरण छुटेको हुनाले विशेष सावधानी अपनाउने) त्यसपछि Qualification, Experience र Training का सबै Field अनिवार्य रुपमा भर्दै जाने। Qualification भर्दा तल्लो शैक्षिक उपाधिबाट माथिल्लो उपाधि सबै भर्दै जाने (जस्तैः कुनै शिक्षक/कर्मचारीले स्नातकसम्म अध्ययन गरेको भए सर्वप्रथम SLC, +२/Intermediate र Bachelor भर्नु पर्छ) यसमा भएका सबै फिल्डहरू अनिवार्य रुपमा भर्ने। Experience भर्दा कुनै शिक्षक/कर्मचारीले जुन जुन पदमा काम गरेको छ सुरूदेखि हालसम्मको क्रममा भर्ने र हाल कार्यरत पदमा मात्र Yes गर्ने, Training Tab मा विवरण भर्दा जुन जुन शिक्षक/कर्मचारीले सेवाकालीन तालिम वा अन्य तालिम लिएको छ निजको मात्र भर्ने साथै Teacher Report को Teacher Information Report मा गई Appointment Type, Appointment Status, Teacher Level र Teacher Rank अनुसार शिक्षकहरुको विवरण मिले नमिलेको एकीन गर्ने,

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी भक्तपुर

प.स.: शैसूव्य. २०८२/८३

च.न. : ४६

(ड) SMC/PTA Menu मा गइ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसम्बन्धी विवरणहरू अद्यावधिक गर्ने,

(ढ) Infras. (Infrastructure) Inventory Menu मेनुमा गई School Mapping, General Information भर्ने त्यसपछि physical Facilities मा गई Block No, No Story, Block Name, Overall Condition, No of Classroom, No of Other Room, Constructed on लगायतका सबै विवरण भर्ने, एक भन्दा बढी भवन भएमा Block No 1 को विवरण भरिसकेपछि Save गर्ने र पुनः अर्को भवनको विवरण क्रमशः भर्ने, त्यसपछि भवनमा भएका सबै कोठाहरुको विवरणः यसको लागि पहिलो भवनको दाँयातर्फ रहेको Action भित्र गई Room मा click गर्ने र कक्षाकोठाको विवरण भर्ने, त्यसपछि Facilities Requirement मेनुमा गई विद्यालयका भौतिक आवश्यकता भर्ने यसरी भर्दा Physical Facilities सँग सत्यापन गर्ने,

(ण) बाढी पहिरो, हावाहुरी, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षतिसम्बन्धी विवरण भर्ने स्थानहरू भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EiE Menu मा रहेका सम्पूर्ण विवरण तत्काल अपडेट गर्ने,

(त) प्राविधिक धार, विज्ञान विषय सञ्चालित, विशेष विद्यालय, स्रोत कक्षा सञ्चालित, खुला र अनौपचारिक विद्यालयहरूले Basic profile मा रहेको सम्बन्धित विकल्प छनोट गर्ने र Student Record को Student Information को Action button बाट विद्यार्थी छनोट गरी Flag गर्ने।

**स्थानीय तहका लागि अनुरोधः**

(क) शैक्षिक सत्र २०८३ देखि नयाँ अनुमति प्राप्त गरेका वा विगतमा अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका विद्यालयहरूको शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत IEMIS कोड प्राप्त गरी सम्बन्धित विद्यालयलाई उपलब्ध गराई विवरण अद्यावधिक गर्न लगाउनु हुन,

(ख) विद्यालयबाट भरिएको सम्पूर्ण विवरण विशेष गरी विद्यार्थीको सङ्ख्या, विद्यार्थीको उमेर अनुसारको विवरण, शिक्षक कर्मचारीको(Basic Profile, Qualification, Experience and Training), स्थानीय तहको Dashboard, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, भौतिक अवस्थासम्बन्धी विवरण (भवन, कक्षाकोठा, शौचालय), पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला लगायतका विवरण सही रूपले भरेको अद्यावधिक गरे/नगरेको बारेमा विशेष ध्यान दिनुहुन,

(ग) IEMIS मार्फत नै शिक्षक तथा कर्मचारीको तलबभत्ता माग फाराम सङ्कलन तथा शिक्षक दरबन्दी पुनरावलोकनसम्बन्धी कार्यका लागि शिक्षकसम्बन्धी विवरण (स्वीकृत दरबन्दी, राहत अनुदान, स्थायी/अस्थायी, स्थानीय तह/प्रदेशबाट अनुदान प्राप्त गर्ने, शिक्षण सहयोग अनुदान प्राप्त गर्ने र निजीस्रोत लगायत नियुक्ति भएको मिति र विषय आदि खुल्ने गरी) लाई पूर्ण रूपमा अद्यावधिक गर्न लगाउनु हुन। विद्यालयमा प्रदान गरिने सङ्घीय ससर्त अनुदानका शीर्षकहरु (दिवा खाजा, पाठ्यपुस्तक,

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी भक्तपुर

प.स.: शैसूव्य. २०८२/८३

च.न. : ४८

छात्रवृत्ती, व्यवस्थापन तथा सञ्चालन खर्च लगायतका) मा अनिवार्यरुपमा IEMIS बाट माग फाराम भराई निकासा गर्ने व्यवस्था मिलाउने,

(घ) स्थानीय तहले IEMIS User मा आफ्नो शाखाको आधिकारिक इमेल प्रयोग भए/नभएको यकीन गरी नभएमा कार्यालयको आधिकारिक इमेल शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा उपलब्ध गराउनु हुन,

(ङ) बन्द वा समायोजन भएका विद्यालयको विवरण Admin को School भित्रको Action मा गई अनिवार्य अद्यावधिक गर्नुहुन साथै समायोजन/बन्द भएका विद्यालयहरूको सो सम्वन्धमा भएको निर्णयको विवरण (iemis@cehrd.gov.np) उपलब्ध गराइदिनु हुन,

(च) विद्यालयले गर्ने सामाजिक परीक्षणमा IEMIS बाट प्राप्त हुने School Report Card प्रयोग गर्न लगाउने साथै लेखा परीक्षण गरेको, विद्यालय सुधार योजना निर्माण/अद्यावधिक भएको, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन मिति लगायतका सवै विवरण अनिवार्य रूपमा अध्यावधिक गर्न लगाउने,

(छ) स्थानीय तहभित्र कक्षा ११-१२ (०+२) मात्र सञ्चालन गरिरहेका विद्यालयहरूको पनि अनिवार्य रूपमा विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन

बोधार्थ:

श्री शिक्षा हेर्ने विषयगत मन्त्रालय, ७ ओटै प्रदेशः- आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सवै): आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्नु हुन ।

शुशिल पौडेल

तथ्याङ्क अधिकृत